NATIONWIDE CHILDREN'S
When your child needs a hospital, everything matters.℠

**Helping Hand™** *Health Education for Patients and Families*

# कोभिड-19 खोपः झटपट तथ्यहरू

# COVID-19 Vaccine: Fast Facts (Nepali)

कोभिड-19 (वा कोरोनाभाइरस) एक यस्तो भाइरस हो जसले मानिसहरूलाई अत्यन्तै बिमार पार्दछ। मास्क र शारीरिक दूरीले भाइरसको संक्रमण घटाउन मद्दत मिल्दछ। हामीसित अब भाइरसबाट आफैलाई बचाउने एउटा अतिरिक्त तरिका छ - खोपहरू! धेरैभन्दा धेरै मानिसलाई खोप लाग्यो भने कोभिड-19 त्यति सजिलोसँग फैलिनु सक्दैन, र कम्ती मानिसहरू बिमार हुनेछन्।

मन्जुरी पाएका खोपहरूले निम्न सम्भावनालाई कम्ती गरेको देखिएको छः

— कोभिड-19 ले गर्दा यति गम्भीर रूपमा बिमार हुने कि अस्पतालमा भर्ती हुनु पर्ने **र**

— मृत्यु हुने।

**कोभिड-19 खोप बारे झटपट तथ्यहरू**

- **खोपको कारणले तपाईंलाई कोभिड-19 हुँदैन।**

  खोपको कारणले कोभिड-19 हुनु असम्भव छ। कुनै पनि खोपमा सम्पूर्ण, जीवित कोभिड-19 भाइरस छैन। खोपमा निष्क्रिय भाइरसको अलिकति हिस्सा हुन्छ जसले हाम्रो शरीरलाई कोभिड-19 भाइरसलाई चिन्न सिकाउँदछ। यस भाइरसको स्मरण शक्तिले हामीलाई संक्रमण लाग्यो भने पनि हाम्रो शरीरलाई तेजीले र मजबुतीले लड्न सिकाउँछ, हामी गम्भीर रूपमा बिरामी पर्दैनौं।


©2021, Nationwide Children's Hospital
जारी...

- **कोभिड-19 खोपहरू सुरक्षित छन्।**

  उपलब्ध सबै खोपहरू मानिसहरूका लागि अत्यन्तै सुरक्षित प्रमाणित भएका छन्। यसमा अनेकौँ नस्ल र आयु वर्ग सामेल छन्। यी खोपहरू टेटनस र पोलियोका खोपहरू सरहकै परीक्षण प्रक्रियाबाट गुज्रेका हुन्।

- **कसैले पनि कोभिड-19 खोप निःशुल्क लगाउन सक्दछ।**

  कोभिड-19 का सबै मन्जुरी-प्राप्त खोपहरू सर्वसाधारण निम्ति **निःशुल्क** छन्। तपाईंले खोप लगाउँदा आफू अमेरिकाको नागरिक भएको प्रमाण देखाउनु आवश्यक छैन।

- **कोभिड-19 खोपले तपाईंलाई गम्भीर रूपमा बिमार पार्दैन।**

  तपाईंको रोग प्रतिरक्षण क्षमताले खोपविरुद्ध प्रतिक्रिया जनाउने हुँदा तपाईंलाई छोटो अवधिकालागि लक्षणहरू हुन सक्दछन्। रिपोर्ट गरिएका सर्वाधिक सामान्य लक्षणहरूमा पाखुरामा पीडा, टाउको दुख्नु, थकावट हुनु र ज्वरो आउनु रहेका छन्। तपाईंमा कुनै लक्षण देखियो भने, धेरैभन्दा धेरै 1 देखि 2 दिन रहन्छ। यी लक्षणहरू देखिनु तपाईंको शरीरले कोभिड-19 विरुद्ध सुरक्षा निर्माण गर्दै छ भन्ने सङ्केत हो। केही मानिसहरूमा कुनै लक्षण देखा नै पर्दैन। खोपले फेरिपनि काम गरिरहेको हुन्छ।

- **कोभिड-19 खोपले मानव डिएनए-मा परिवर्तन गर्न  सक्दैन।**

  हाम्रो शरीरका प्रत्येक कोषमा डिएनए-को नामले जानिने आनुवांशिक जानकारी न्युक्लियस (कोषको मध्यमा) स्थित हुन्छ। न्युक्लियसको बाहिरी तहमा एकप्रकारको पर्खाल हुन्छ जसले खोपमा प्रयोग गरिएका सबै सामग्रीहरूलाई न्युक्लियसभित्र प्रवेश गर्न दिँदैन। यसको अर्थ हाम्रो डिएनए-लाई परिवर्तित गर्नु भौतिक रूपले असम्भव छ।

- **स्तनपान गराइरहेकी महिलाहरू निम्ति कोभिड-19 खोपहरू सुरक्षित छन्।**

  स्तनपान गराइरहेकी महिलाहरूलाई कोभिड-19 खोप लगाउन प्रोत्साहित गरिन्छ। खोपले आमाका साथै खोप लगाउनका लागि अतिनै सानो उनको शिशुलाई पनि सुरक्षित गर्दछ। खोपले आमा वा शिशु कसैलाई पनि हानि पुऱ्याएको कुनै प्रमाण छैन।

- **अहिले गर्भवती वा भविष्यमा गर्भाधान गर्न चाहने महिलाहरूलाई कोभिड-19 विरुद्ध खोप लगाउन प्रोत्साहित गरिन्छ।**

  गर्भावस्थाको दौरान कोभिड-19 खोप सुरक्षित हुँदैन भन्ने सङ्केत दिने कुनै प्रमाण छैन। खोपको कारण हुनसक्ने कुनै सम्भावित जोखिमभन्दा कोभिड-19 को कारण बिमार हुने बढी जोखिम छ।

- **तपाईंलाई कोभिड-19 भएको थियो भने पनि, तपाईंले खोप लगाउनु पर्दछ।**

  तपाईंलाई कोभिड-19 भएपछि, तपाईंको शरीर कति लामो समयसम्म सुरक्षित रहन्छ भन्ने जानकारी हामीलाई छैन। तपाईंको कोभिड-19 जाँच पहिलेनै पोजेटिभ आइसकेको अवस्थामा समेत, फेरिपनि तपाईंलाई संक्रमण हुन सक्दछ। खोपहरूले भिन्न प्रकारका अनेकौं स्ट्रेनहरूविरुद्ध असर गर्दछ र तपाईंलाई कोभिड-19 विरुद्ध सुरक्षित गर्ने सर्वोत्तम उपाय हो। तपाईंको प्रतिरक्षण प्रणालीले सुरक्षा कवच विकसित गर्न केही समय लाग्न सक्दछ, तसर्थ तपाईंको खोप शृङ्खला समाप्त भएपछि करिब दुई सातासम्म तपाईं सुरक्षित रहनुहुने ठानिन्छ।

- **कोभिड-19 मा पशु उत्पादन मिसाइएको छैन।**

  मन्जुरी-प्राप्त कुनै पनि खोपहरूमा अण्डा, जिलेटिन वा सुङ्गुरका जस्ता कुनै पशु उत्पादन मिसाइएको छैन। यी कोशर, हलाल र प्रेजरभेटिभरहित छन्।

- **तपाईंलाई कोभिड-19 खोपहरूको बारेमा थप जानकारी चाहिन्छ भने कृपया आफ्ना डक्टरलाई सोध्नुहोस् वा मदतगार स्रोतहरू हेर्नुहोस्:**
  - www.NationwideChildrens.org - कोभिड-19 खोज्नुहोस्
  - www.CDC.gov/coronavirus